# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष २, अङ्क १८, आसोज २०७८

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७८ साल असोज महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको सोह्रौं अंक हो ।

यस अंकमाः

- प्रशासनः प्रोत्साहनको पहल
- समाचारः चाडपर्व एवम् सचेतनाको खबर चर्चा
- कार्यक्रमः नयाँ कार्यक्रमहरुका साथ उमंग नयाँ
- एनटिभी प्लसः सम्झौता र सहकार्य अनुरुपका कार्यक्रमहरुको निर्माण
- अपरेशनः प्रत्यक्ष प्रसारण र नियमित कार्यमा प्रगति
- इञ्जिनियरिङः NTV World को लागि टेण्डर डकुमेण्ट तयार
- एनटिभी कोहलपुरः नयाँ कार्यक्रम निरन्तर

## प्रोत्साहनको पहल

कोभिड-१९ को महामारीको दोस्रो लहरमा नेपाल टेलिभिजन संस्थानमा कार्यरत ७१ जना संक्रमित भए । कोभिडको महामारी शुरु भएयता यस संस्थानका १३८ जनाभन्दा बढी कर्मचारीहरु संक्रमित भए भने संक्रमण भएर नै २ जना सहकर्मीहरुको दुःखद निधन भयो । स्वास्थ्य महामारीको त्रासदीपूर्ण अवस्था र नेपाल सरकारले घोषणा गरेको निषेधाज्ञाको परिस्थितिमा पनि नेपाल टेलिभिजनले आफ्ना पाँचैवटा च्यानलहरुबाट २४ घण्टा नै प्रसारणलाई निरन्तरता दिइरह्यो । संस्थानको कार्य प्रकृतिअनुसार निरन्तर सेवा प्रवाह गर्नुपर्ने आवश्यकता र त्यसलाई पुरा गर्न महामारी निषेधाज्ञाको समयमा पनि निरन्तर कार्यक्षेत्रमा खटिएका टेलिभिजनका सञ्चारकर्मी र कर्मचारीहरुलाई प्रोत्साहित गर्न गठित उपसमितिको सिफारिस तथा नेपाल टेलिभिजन सञ्चालक समितिको मिति २०७८।०६।२२ को निर्णयानुसार आर्थिक वा विदा सुविधा मध्ये उनीहरुले रोजेको कुनै एक सुविधा उपलब्ध गराउने गरी निर्णय भएको छ ।

## शुभकामना आदान प्रदान




मिति २०७८।०६।१८ गते सोमबार नेपाल टेलिभिजन केन्द्रीय कार्यालयको बैठक कक्षमा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा नेपाल टेलिभिजन संस्थानका महाप्रबन्धक लगायत उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, नेपाल टेलिभिजन कर्मचारी संघ, नेपाल टेलिभिजन कर्मचारी युनियन तथा नेपाल पत्रकार महासंघ नेपाल टेलिभजन प्रतिष्ठान शाखाका अध्यक्षहरुको उपस्थितिमा आसन्न बडादशैं, तिहार, नेपाल सम्बत् एवं छठ लगायतका पर्वहरु स्वास्थ्य मापदण्डहरुको परिपालना गरी हर्ष एवं उल्लासमय वातावरणमा मनाउनका लागि शुभकामना आदान प्रदान गरियो ।

## चाडपर्व एवम् सचेतनाको खबर चर्चा

कोरोना महामारी र त्यसले निम्त्याएको संकट अन्त्यगर्दै दैनिक जनजीवन पूर्ववत रुपमा सञ्चालन गर्न भइरहेका प्रयासहरु र सबै नागरिकलाई कोरोना विरुद्धको खोप उपलब्ध गराउन सरकारले गरिरहेको प्रयास असोज महिना भर नै समाचारका रुपमा प्रसारण भइरहे । नेपाल सरकारले असोज मसान्तसम्ममा कोरोनाको खोप लगाउन योग्य उमेर समूहका एक तिहाई जनसंख्यालाई खोप लगाउने लक्ष्य लिएकोमा लक्ष्य अनुरुप पहिलो मात्रा खोप सेवा उपलब्ध गराउन सफलता मिलेको छ । खोप सेवा सम्वन्धमा सरकारले लिएको लक्ष्य, त्यसलाई पुरा गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत विभिन्न सरकारी संयन्त्रहरु मार्फत भईरहेको काम, योजना निर्माण र तीनको कार्यान्वयनको अवस्था सम्वन्धमा समाचारहरु निर्माण र प्रसारण भए । यसबीचमा विभिन्न सन्दर्भहरुमा प्रत्यक्ष प्रसारण पनि भएका छन् । खोपको सुनिश्चितता र उपलब्धता सबैको चासो बनिरहेको अवस्थामा असोज महिना भर नै समाचार च्यानलबाट महामारीको अवस्था, विज्ञहरुको सल्लाह, सुझाव र त्यस सम्वन्धमा आधिकारिक धारणाहरु समाचार एवम् समाचारमुलक सामग्रीको रुपमा प्रसारण भइरह्यो । स्वास्थ्य मन्त्रालयबाट नियमित रुपमा हुदै आइरहेको प्रेस ब्रिफिङको प्रत्यक्ष प्रसारण संगै समाचार निर्माण, कोरोना केन्द्रीत कार्यक्रम कोरोना केयर जस्ता कार्यक्रमहरुले महामारीबाट सुरक्षित रहदै कसरी दैनिक कार्य सञ्चालन गर्दै अघी बढ्ने भन्ने विषयमा आधिकारिक जानकारीहरु दिइयो ।



## राष्ट्रिय उत्सवको रौनक




संविधान सभाबाट संविधान जारी भएको ऐतिहासिक दिनलाई संविधान दिवस एवम् राष्ट्रिय उत्सवको अवसरमा एनटिभी न्युज च्यानलबाट असोज २, ३ र ४ गते तीन दिनसम्म विशेष कार्यक्रमहरुको निर्माण गरी प्रसारण भयो । नेपालको संविधान, संविधानको विशेषता र यसले प्रत्याभूत गरेका अधिकारहरुको कार्यान्वयनको अवस्था लगायत विभिन्न पक्षसंग सम्वन्धित रहेर अन्तर्वार्ता र छलफल कार्यक्रमहरुका साथै समाचार बुलेटिनहरुमा प्रसारण गर्न रिपोर्टहरुको निर्माण तथा प्रसारण भयो । यसैगरी सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएकि राष्ट्रिय संविधान दिवस मूल समारोह समितिको आयोजनामा संविधान दिवसको अवसरमा काठमाडौंको टुडिंखेलमा राष्ट्रपति विद्या देवी भण्डारी लगायत विशिष्ट व्यक्तिहरुको उपस्थितिमा आयोजना गरिएको विशेष समारोहको प्रत्यक्ष प्रसारण भयो । संविधान र राष्ट्रिय दिवसको अवसरमा समाचार रिपोर्टहरु पनि निर्माण गरी प्रसारण भयो ।

## चाडपर्वको खबर चर्चा




असोज महिनामा नै परेको समस्त नेपालीहरुको महान चाड बडा दशैंको अवसरमा समाचार च्यानलबाट चाड पर्व केन्द्रीत रहेर समाचार र जानकारीमूलक रिपोर्ट एवम् कार्यक्रमहरु निर्माण गरी प्रसारण भयो । बजारमा दशैंको चहल पहल, दशैं मनाउन विदेशबाट स्थल र हवाइ मार्गहुदै घर फर्किनेका कथा देखि नयाँ नोट र खसी बोका ओसार पसार सम्वन्धित समाचारहरु प्राथमिकता सहित निर्माण र प्रसारण भए । यो संगै कोरोनाको महामारी अझै कायमै रहेको अवस्थामा सुरक्षित रुपमा चाड पर्व कसरी मनाउने भन्ने विषयमा विज्ञहरुको सुझाव सहितका सचेतनामूलक सामग्रीहरुको संङ्कलन र प्रसारण पनि असोज महिनै भर समाचार च्यानलबाट भइरहयो ।

## नयाँ कार्यक्रमहरुका साथ नयाँ उमंग

आम दर्शकलाई शिक्षा, स्वास्थ्य, समावेशिता, विकास लगायत समग्र देशका बारेमा सूचना सम्प्रेषण गर्ने जिम्मेवारी पाएको नेपाल टेलिभिजनले आप्mनो दायित्व निभाउँदै आएको छ । यस बिच नेपाल टेलिभिजनमा केही नयाँ कार्यक्रमहरुको थालनी भयो ।

## नयाँ कार्यक्रम निर्माण र प्रसारण

यो महिना नेपाल टेलिभिजनबाट क्विज मेनिया नामक नयाँ कार्यक्रम प्रसारणको सुरुवात भयो। नेपाली चलचित्रका चर्चित नायक राजेश हमालले संचालन गरेको सामान्य ज्ञानका बारेमा जानकारी दिने यो कार्यक्रमबाटसहभागी मात्र होइन आम दर्शकहरुको सामान्य ज्ञानको भण्डार पनि अभिवृद्धि हुनेछ । यसका साथै नेपाल टेलिभिजनबाट यसअघि प्रसारण भइरहेका ६ वटा विभिन्न मातृभाषाका कार्यक्रम बाहेक थप ३ वटा भाषाको कार्यक्रम पनि निर्माण तथा प्रसारण शुरु भयो । तामाङ भाषाको ल्हासो, उर्दु भाषाको बज्मे उर्दु र गुरुङ भाषाको ङ्योतेन कार्यक्रम प्रसारण शुरु भयो ।












## परिसंवाद

यो महिना नेपाल टेलिभिजनबाट विभिन्न विषयमा परिसंवाद निर्माण तथा प्रसारण भयो । संयुक्त राज्य अमेरिकाको मिलेनीयम च्यालेन्ज कर्पोरेशन अर्थात एमसीसी र नेपालबीच भएको अनुदान सम्झौताका बारेमा एमसीसीका उपाध्यक्ष फातिमा सुमारसँग गरिएको विशेष परिसंवाद प्रसारण भयो । यसैगरी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको ३९ औं वार्षिकोत्सवको अवसरमा प्रतिष्ठानले नेपालको सार्वजनिक प्रशासनको कार्यक्षमता अभिवृद्धि गर्न र समग्र प्रशासनलाई पारदर्शी, अनुशासित र जवाफदेही बनाउन खेल्ने भूमिकाका बारेमा अन्तक्रियात्मक कार्यक्रम प्रसारण गर्यो । यसका साथै संविधान दिवस, अमूर्त सांस्वृmतिक सम्पदा दिवस, नेपालमा विधायक अभ्यास, अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस र विज्ञान दिवसको अवसरमा यस सम्बन्धी विषयमा पनि कार्यक्रम निर्माण तथा प्रसारण भयो ।












## प्रत्यक्ष प्रसारण

नेपालीहरुको लागि विशेष दिन नेपालको संविधान २०७२ जारी भएको अवसरमा आयोजना गरिएको संविधान दिवस कार्यक्रमको प्रत्यक्ष प्रसारण गरियो । यसका साथै समाचार संकलनका क्रममा हवाई दुर्घटनामा परी मृत्यु भएका नेपाल टेलिभिजनका हेम भण्डारी र सुनिल सिंहको स्मृतिमा स्थापना गरिएको हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण कार्यक्रम पनि प्रत्यक्ष प्रसारण गरियो । यसैगरी विद्युत नियमन आयोगको सार्वजनिक सुनुवाइको पनि प्रत्यक्ष प्रसारण गरियो ।




## नियमित कार्यक्रमहरुको निरन्तरता

यसका साथै नियमित कार्यक्रमहरु दोहोरी च्याम्पीयन, संघर्ष, कोभिड हटलाइन, कोभिड १९ प्रेस ब्रिफिङ, रोजगार हाम्रो सरोकार, समृद्ध नेपाल, आजको चर्चा, सुशासन सवाल, आजको विज्ञान, कोरोना केयर टक, जनस्वास्थ्य बहस, सुरक्षित नेपाल, दलित सवाल र जीवनचक्र कार्यक्रमहरु प्रसारण भए । यसैगरी देशको संगित, विश्वास, महिला अधिकार, योग र जीवन, ज्योतिष मन्थन, संगीत तरंग, चौतारी र चिल्ड्रेन्स क्लब, प्रदेश वृmषि दर्पण र भुमिमा प्रविधि कार्यक्रमहरु निर्माण तथा प्रसारण भए ।

दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु कृषिमा संवाद, नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, कृषिमा महिला, सफल कृषक र कृषि गतिविधि निर्माण तथा प्रसारण भए ।




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रमहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए ।

आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, विशेष संवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आइरहेको छ ।।

## सम्झौता र सहकार्य अनुरुपका कार्यक्रमहरुको निर्माण

असोज महिनामा एनटिभी प्लसका आन्तरिक उत्पादनका कार्यक्रमहरु पुराना वृत्तचित्र, गीतहरु, भजन, फिलर लगायत निर्माण भइ प्रसारण भए । यी बाहेक पनि विभिन्न सरकारी एवम् गैरसरकारी संस्थाहरुसंगको सम्झौता र सहकार्य अनुरुप विभिन्न कार्यक्रमहरुको निर्माण तथा प्रसारण भएका छन् ।

यस्ता कार्यक्रमहरुमा नेपाल सरकार स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ शिक्षा, सूचना तथा सञ्चार केन्द्र र नेपाल टेलिभिजनबीच २०७७ श्रावण २९ गते भएको सम्झौता अनुसार एनटिभी प्लसबाट दैनिक विहान ७:०० बजे देखि ८:०० बजे प्रसारण भैरहेको स्वस्थ जीवन कार्यक्रम ३१ भाग प्रसारण भयो ।



यसैगरी नेपाल कृषि अनुसन्धान परिषद् र नेपाल टेलिभिजनबीच भएको सम्झौता अनुरुप कृषि अनुसन्धान र प्रविधि नामक कार्यक्रम जम्मा चार वटा प्रसारण भयो ।

यस्तै अमेरिकी प्रसारण संस्था 'भ्वाइस अफ अमेरिका (VOA)' संगको सहकार्यमा प्रसारण हुदै आएको कार्यक्रम पाँच वटा प्रसारण भयो भने सातामा पाँच दिन प्रासारण हुने कार्यक्रम World Sports २१ वटा प्रसारण भयो ।

आन्तरिक उत्पादन बाहेक बाहिरबाट निर्माण भै आउने पटके कार्यक्रम तथा वृत्तचित्रहरु पनि प्रसारण भएको छ । यो महिना बाहिर बाट निर्माण भै आउने निम्न नियमित दैनिक तथा साप्ताहिक कार्यक्रमहरु जम्मा ८४ ओटा प्रसारण भयो । यस्ता कार्यक्रमहरुमा दैनिक शैक्षिक कार्यक्रम, हास्य शृंखला अति भो, समृद्धिको बाटोमा, अनमोल हेल्थ, प्रबर्धन, आयुर्वेदा, प्रयास, पोखरामा भैरहेको रियालिटी शो "Nepal Golden Idol", Clap Board , बाल सरोकार लगायत छन् । यसैगरी दिगो बहस र सक्छिन छोरी, Business Hour, Youth TV Show, Sports Magazine , एनआर एन टिभी शो क्ल्यापबोर्ड पनि प्रसारण भएको छ । यसरी असोज महिनामा नयाँ कार्यक्रम, वृत्तचित्र र PSA गरि कुल १५३ वटा प्रसारण भयो ।

## प्रत्यक्ष प्रसारण र नियमित कार्यमा प्रगति




अपरेशन महाशाखा अन्तर्गत असोज महिनामा पनि अन्य महिनाहरु जस्तै नेपाल टेलिभिजनका सबै पाँच वटै च्यानलहरुको निरन्तर प्रसारणमा समन्वयको काम भयो । असोज महिनाको ३ गते सैनिकमञ्च टुँडिखेलबाट संविधान दिवस कार्यक्रमको राष्ट्रिय प्रसारण र न्यूज च्यानलबाट प्रत्यक्ष प्रसारण गरियो ।

असोज महिनाकै ७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यमा नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाको आयोजनामा हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण कार्यक्रमको प्रत्यक्ष प्रसारण सम्पन्न भयो ।


यसैगरी असोज ४ गते नेपाल विद्युत प्राधिकरणबाट विद्युत महशुल निर्धारण गर्ने बारको विद्युत नियमन आयोगको आयोजनामा हुने सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रत्यक्ष प्रसारण भयो । असोज २० गते सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा ६६ औं प्रहरी दिवस २०७८ विशेष कार्यक्रमको प्रत्यक्ष प्रसारण सम्पन्न भयो । असोज महिनाको २६ गते सैनिक मञ्च टुँडिखेलबाट सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा फूलपाती बढाइँ समारोह कार्यक्रमको प्रत्यक्ष प्रसारण पनि सम्पन्न भयो ।

## NTV World को लागि टेण्डर डकुमेण्ट तयार

असोज महिनामा नेपाल टेलिभिजनका सबै च्यानलहरुको प्रसारण निरन्तरता तथा विभिन्न महत्वपूर्ण कार्यक्रम र घटनाहरुको प्रत्यक्ष प्रसारणका कार्यहरु इन्जिनियरिङ्ग महाशाखा र यस अन्तरगतका शाखाहरुको समन्वयमा सम्पन्न भए ।

यो महिना नेपाल टेलिभिजनको छुट्टै अन्तरर्राष्ट्रिय च्यानलको रुपमा सञ्चालन गर्न लागिएको NTV World परियोजना अन्तर्गत NTV World को लागि आवश्यक प्रसारण स्टुडियोको लागि आवश्यक टेण्डर डकुमेण्ट तयार गर्ने काम सम्पन्न भयो । यसैगरी NTV World सँगै सम्बन्धित अन्य विभिन्न परियोजनाहरुको डकुमेण्टहरुको कार्य पनि भइरहेको छ ।





## नयाँ कार्यक्रम निरन्तर

बाँकेको राप्ती सोनारी गाँउपालिकासंगको सहकार्यमा जनतासँग जनप्रतिनिधि र बर्दियाको बारबर्दिया नगरपालिकासँगको सहकार्यमा जनतासँग मेयर कार्यक्रम उत्पादन गरी प्रसारण सुरु गरिएको छ । यसैगरी बर्दियाको बाँसगढीस्थित केदारेश्वरधामको बृत्तचित्र निर्माण गरी प्रसारण गरिएको छ । प्रदेश सरकार र थप पालिकाहरुसँग सम्झौता गरी कार्यक्रम निर्माण गर्ने क्रम जारि छ ।



## एजेन्सीहरुको आकर्षण

गत वर्ष यस च्यानलमा दर्ता भएका विज्ञापन एजेन्सीहरुले नविकरण गरेका छन् भने केही नयाँ एजेन्सीहरु दर्ता भएका छन् । ति मध्य दुईवटा एजेन्सीले समय खरिद गरी कार्यक्रम प्रसारण गरिरहेका छन् भने केही एजेन्सी समय खरिद गर्ने प्रकृयामा छन् । विभिन्न एजेन्सी मार्फत् विज्ञापन तथा बृत्तचित्रहरु पनि एनटिभी कोहलपुरबाट प्रसारण भइरहेका छन् ।

## स्टुडियो स्तरोन्नती

एनटिभी कोहलपुरको स्टुडियो Acoustic गर्ने कार्य सम्पन्न भएको छ । यस्तै डबिङ रुममा पनि Acoustic गरिएको छ । Acoustic पछि थप लाइट र आबश्यक सामानहरु सहित स्टुडियोलाई थप व्यवस्थित गरिएको छ ।

